मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँडिखोला, मकवानपुर
बागमती प्रदेश, नेपाल

आज मिति २०७७ साल असाढ ०१ गते बिहान ८:१५ बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री .................. | ३ नं. वडा का.वा. अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोका | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देबराज चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**आमन्त्रित/बैठक सहयोगी**

श्री संगीता अधिकारी — लेखा अधिकृत

प्रमाणित
... अधिकृत

निर्णय नं.१

बिश्व व्यापी माहामारी कोभिड १९ को कारण नेपाल सरकारले गरेको लकडाउनमा परि ज्याला मजदुरी गर्नबाट बञ्चित परिवारलाई खाधान्न लगायत राहत सामग्री बितरण गर्ने सिलसिलामा वडागत रुपले खटीएका जनप्रतिनिधि कर्मचारी लगायत अन्य व्यक्तिहरुलाई खाना खाजा ख्वाउदा भएको खर्च वडा नं ५ ६ र ८ को पेश भएको विल बमोजिम र अन्य वडालाई अधिकतम रु.१५००० सम्म विल बमोजिम चालु खर्च बिबिध शीर्षकबाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.२

आ.ब.०७७/०७८ को लागी राजस्व परामर्स समिति र श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको यस अघि भएको बैठकको सिफारिस बमोजिम रु.६९ करोड सिमा कायम गर्ने निर्णय गरियो । २५ लाख ७५ हजार ४ सय २० कुल बजेट सिमा कायम गर्ने निर्णय गरियो । बजेट तथा कार्यक्रम तर्जुमा समितिले बैठक बसि अन्य श्रोत समेतको आधारमा बजेटको आकार घट बढ भई आगामी कार्यपालिका सम्म फेर बदल भएमा सोही बमोजिम हुने गरि हाललाई तपशील बमोजिम मार्गनिर्देशन सहीत आगामी बर्षको लागी आ-आफ्नो वडागत योजना सिफारिस गर्न प्रत्यक वडा कार्यालयहरुलाई बढीमा १५ वटा योजना सिफारिस गरि उपलब्ध गराउन पत्राचार गर्ने निर्णय गरियो । साथै वडा कार्यालयहरुले योजना छनौट गर्दा बर्तमान कोभिड १९ को स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै आम भेला वा ठुलो सार्वजनिक छलफल कार्यक्रम नराखि टोल स्तरीय सुझावको आधारमा वडा समिति मार्फत निर्णय गरि पठाउन अनुरोध गर्ने समेत निर्णय गरियो ।

तपशील:

१.गांउपालिकाको दीर्घकालिन निती र प्राथमिकतालाई मध्यनजर गर्ने ।

२. स्थानिय तहको बजेट तर्जुमा दिग्दर्शनले तोकेका योजना तर्जुमाका आधारहरु ।

[illegible] तथा क्रमागत आयोजनाहरु पुरा गर्ने गरि कार्यक्रम तर्जुमा गर्ने ।

४.दिगो बिकासका लक्ष प्राप्तिमा ध्यान दिने ।

५.बताबरण र स्थानिय शासन तथा बालमैत्री स्थानिय तह घोषणालाई टिकाउने गरि कार्यक्रम तर्जुमा गर्ने ।

६.सकेसम्म पूर्बाधार तर्फका ३ वटा मात्र योजना सिफारिस गर्ने ।

७.स-साना आयोजनामा रकम छर्ने प्रबृतिको अन्त्य गर्ने ।

८.समाजका पिछडिएका बर्ग तथा समुदायलाई मूल धारमा ल्याउने प्रकृतिका आयोजनालाई प्राथमिकता दिने ।

९.समाबेशी बिकासलाई ध्यान दिने ।

१०.कृषि पूर्बाधार बिकास बन बाताबरण र पर्यटनलाई केन्द्रमा राखि बजेट बिनियोजन गर्ने ।

११.कोरोना माहामारी रोकथाम व्यवस्थापनमा ध्यानमा राखि बजेट तर्जुमा गर्ने ।

१२.सामाजिक भेदभाव कुरिति अन्धबिश्वास शोषण जस्ता समाजिक खराबी हटाउन सहयोग गर्ने योजना छनौट गर्ने ।

१३.अन्य वडागत स्थानिय आबस्यकतालाई प्राथमिकतामा राख्ने

निर्णय नं.३

कोभिड १९ रोग रोकथाम र व्यवस्थापन गर्न जिल्ला समन्वय समित मकवानपुर मार्फत हेटौंडा १० बन बिज्ञान अध्ययन संस्थानको हातामा संचालन सुरु गरिएको बिदेश बाट आउने नेपालिकोलागी स्थापित होल्डिङ्ग स्टेशनमा आर्थिक सहयोग गर्न जि.स.स.वाट अनुरोध भए बमोजिम बिपद व्यवस्थापन कोषवाट रु.२००००० आर्थिक अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

निर्णय नं.४

यस अघि कार्यपालिका बैठकबाट वडा नं ३ मा रहेको नमुना दुग्ध उत्पादक सहकारी संस्थालाई मिल्क एनालाईजर खरीद गर्न रु.१००००० सहयोग गर्ने निर्णय भएकोमा सोको सट्टा सोही मिल्क एनालाईजर संचालन गर्न आबस्यक पर्ने कम्प्युटर र प्रिन्टर तथा अन्य सामग्री खरीद कार्यमा भएको बिल बमोजिमको रकम भुक्तानि गर्ने निर्णय गरियो ।

निर्णय नं.५

वडा नं ४ ट्रवाङ्गरामा गत बिगत बर्षदेखि गांउपालिकाको आर्थिक सहयोगमा निर्मित वनकरिया होमस्टेको बांकी रहेका कार्य सम्पन्न गर्न र कतिपय संचालन सामान खरीद गर्न मर्मत सम्भार कोषबाट रु.३००००० बिनियोजन गर्ने निर्णय गरियो । साथै मकवानपुर गढीमा रहेको रुद्र पाखिन स्मृति प्रतिष्ठानको आयोजनामा सम्पन्न भएको फुटवल प्रतियोगीतामा माग भएको रु.२५,००० आर्थिक अनुदान तथा उपचार सहयोग कोष बाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.६

वडा नं ३ मा रहेको गांउसभाहल छेउमा रहेको जिर्ण रुख हटाउने तार पोल अन्यत्र सार्ने पुनरजडान गर्ने लगायतको काममा भएको विल बमजिमको खर्च रु.९९१८८। अक्षेरुपी उनानसय हजार एक सय अठासी मात्र भैपरी आउने कोषबाट नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.७

गांउसभाबाट बिनियोजित वडा नं ९ ७ र ५ को तपशीलका योजनाहरु तपशील बमोजिम कार्यक्रम/योजनाको नाम परिबर्तन गरि कार्यान्वयन गर्न वडा कार्यालयले सिफारिस गरे बमोजिम तपशील बमोजिम परिबर्तन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रमाणित ... अधिकृत    ...राज उप्रेती ... अध्यक्ष

तपसील:

| सि.नं | वडा नं | साबिक योजनाको नामा | परिवर्तन गरि कार्यान्वयन गर्नु पर्ने योजनाको नाम | बजेट रकम |
|---|---|---|---|---|
| १ | ९ | टासी छोईलिङ्ग गुम्बा निर्माण | ऋपेश्वर प्रा.वि.जाने बाटो स्तरीकरण | २५००००० |
| २ | ९ | टासी छोईलिङ्ग गुम्बा निर्माण | क्षेत्री टोल जाने बाटो स्तरीकरण | ५०००० |
| ३ | ९ | ढकाल खोल्सी नियन्त्रण | क्षेत्री टोल जाने बाटो स्तरीकरण | १५०००० |
| ४ | ७ | शान्ति टोल ढल निर्माण योजना | राष्ट्रिय आधारभुत विधालयमा कम्पाउण्ड वाल निर्माण | ४००००० |
| ५ | ५ | रजैया दर्दरा काठेपुल निर्माण योजना | चिसापानी खानेपानी योजनामा थप पाईप खरीद | १००००० |

निर्णय नं.८

वडा नं १ चकरी टोलमा निर्माण भएको थ्रि.फेज लाईन जडानमा भएको बिल बमोजिमको खर्च रु.३४१०८ नियमानुसार मर्मत सम्भार कोषबाट भुक्तानी दिने निर्णय गरियो । त्यसै गरि वडा नं ४ बाढि पिडित बस्तिमा त्रिपाल आवस्यकता परि खरीद गरिएको बिल बमोजिमको भुक्तानी सोही वडा बाढी पिडित बस्ति स्थानान्तरण तथा व्यवस्थापन शीर्षकबाट भक्तानी दिने निर्णय गरियो साथै ।सोही योजनामा थप खरीद भएको तार पोल ईष्टेबलाईजर डि.आर.एन. प्यानल बोर्ड घर निर्माण लगायतका सामग्री

मकवानपुर, बागमती प्रदेश, नेपाल

बापतको बिल बमोजिमको रकम सोही शीर्षक बमोजिम भुक्तानी दिन रु.३००००० विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.९

चालु आ.ब.०७५/०७६देखि विनियोजन भइ ठेक्का लगाईएको वडा नं ४ को ज्यामिरे अजिङ्गरे च्वारपाखा तारुवास डिपबोरिङ्ग खानेपानी आयोजनाको काम ठेकेदारले सम्झौता बमोजिम समय सिमा तथा कार्यालयले तरताकेता गर्दा समेत कार्य प्रारम्भ नगरेकोले सो ठेकेदार प्रेरक कन्ट्रक्सन एण्ड प्रिफ्याव होम प्रा.लि.संगको सम्झौता रद्ध गरि वैंक जमानत जफत गर्ने निर्णय गरियो ।साथै सो योजना उपभोक्ता समिति मार्फत नियमानुसार सम्झौता गरि कार्यान्वयन निर्णय गरियो ।

निर्णय नं.१०

वडा नं ७ शान्तिटोलको सार्वजनिक स्थल तथा सडक अधिकार सिमाना भित्र बनेका अतिक्रमित घर टहरा लगायत संरचना तत्काल हटाउन अन्यथा गांउपालिका आफैंले हटाउन वाध्य हुने र हटाउदा लाग्ने खर्च समेत सोही व्यक्ति संग असुलउपर हुने गरि १५ दिने सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.११

वडा नं ३ बगौडा देखि कालिदमार जाने बाटोको कुलोको लागी ६ तथा अन्य स्थानमा ३ थान गरि जम्मा ९ थान ह्युम पाईप नियमानुसार खरीद गरि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१२

वडा नं १ चेतना मध्यवर्ति सामुदायीक वन. क्षेत्रको पर्ति वांझो जग्गामा फलफुल लगायत बृक्षारोपण गर्न रु.१००००० सार्वजनिक पर्ति जग्गामा बृक्षारोपण [illegible] निर्णय गरियो ।

निर्णय नं.१३

बिजुली पेन्टर प्लम्बर तथा निर्माण मजदुर युनियनको माग बमोजिम गांउसभाबाट बिनियोजित मजदुर स्वास्थ्य बिमा कार्यक्रममा रहेको रु.२००००० मजदुर दिबस कार्यक्रममा रहेको रु.५०००० थप गरि कुल २५०००० कै मजदुर बिमा गर्ने र मजदुर सुरक्षा सामग्री खरीद शीर्षकमा रहेको रु.२००००० मा नेतृत्व विकास तालिम कार्यक्रममा रहेको रु. १००००० थप गरि कुल रु.३००००० कै मजदुर सुरक्षा सामग्री खरीद गरि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१४

कोरोना माहामारीका कारण यस गांउपालिका क्षेत्रमा आवत जावत गर्ने सवारी साधनको लगत राखे तथा नियन्त्रण गर्ने कार्यकालागी लोथरमा स्थापना गरेको सुरक्षा पोष्ट स्थापना र त्याहा खटीने जनशक्तिलाई खाजा खाना पानी सहयोग गरेबापत भएको खर्च रु.६५५७५ भुक्तानी भएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१५

मनहरी गांउपालिका स्तरीय खेलकुद विकास समितिको सिफारिस बमोजिम तपशीलको दुई जना युवाहरुलाई समितिको रिक्त स्थानमा मनोनित गर्ने निर्णय गरियो ।

| सि.नं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | पुकार सुबेदी | मनहरी ८ |
| २ | ईमान लामा | मनहरी ३ |

साथै सोही समितिले निर्णय गरि सिफारिस गरे बमोजिम तपशीलका योजना/कार्यक्रमहरु तपशील बमोजिम परिवर्तन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं. | साबिक कार्यक्रम कृयाकलापको | हाल कायम गर्नु पर्ने | |
|---|---|---|---|

| | नाम | कार्यक्रम कृयाकलापको नाम | |
|---|---|---|---|
| १ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितामा विनियोजित २५०००० मध्यबाट | शिंद्धकाली हाटबजार खेलकुद मैदान निर्माण | १५०००० |
| २ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितामा विनियोजित २५०००० मध्यबाट | माग बमोजिमको खेलकुद सामग्रि खरीद गरि वितरण गर्ने | १००००० |

निर्णय नं.१६

वडा नं १ कृष्ण मंदीर देखि भोर्लेटांडी जोड्ने बाटो निर्माणको लागी सोही वडाको चकरी बाटो कालोपत्रे योजना ठेक्का भई बांकी रहने रकम बाट २००००० मात्र विनियोजन गर्ने निर्णय गरियो ।साथै वडा नं १ चकरी झुल्यान सडक निर्माण योजनाको लागी वडा नं ४ को सृजना प्रा.वि.को भवन निर्माण शीर्षकमा खर्च नभई बांकी रहेको रकमबाट नियमानुसार भुक्तानी गर्नेगरि रु.१०००००० विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१७

गांउ सभाबाट विनियोजित युवा स्वरोजगार घुम्ति कोष-१५ लाख र घरेलु मदिरा विस्थापनको लागी आय आर्जन घुम्ति कोष-२० लाख बाट तत सम्बन्धमा बनेको कार्यविधि बमोजिम सहकारीलाई बिंउ पूंजी दिंने प्रयोजनकोलागी सात दिने सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.१८

तपशीलका वडा बासिहरुले विभिन्न रोगलागि उपचाररत भएकोले आर्थिक सहयोग पांउभनि निवेदन दिने तपशीलका व्यक्तिहरुलाइ आर्थिक अनुदान तथा उपचार सहयोग कोष शीर्षकबाट नगद अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं | बिरामीको नाम | ठेगाना | रोगको प्रकार | सहयोग रकम |
|---|---|---|---|---|
| १ | साबित्री घिमिरे | मनहरी-१ | पेटरोग | १०००० |
| २ | बिनिता थिङ | मनहरी-१ | | १०००० |
| ३ | मानबहादुर मुक्तान | मनहरी-१ | फोक्सो रोग | १०००० |
| ४ | सन्तबहादुर योन्जन | मनहरी-७ | कलेजोरोग | १०००० |
| ५ | प्रमाण सिं मोक्तान | मनहरी-६ | कलेजोरोग | १०००० |
| ६ | रामबहादुर मोक्तान | मनहरी-६ | हेडईन्जुरी | १०००० |
| ७ | सुनिता रुम्बा | मनहरी-५ | क्यान्सर | १०००० |
| ८ | बिरबहादुर तामाङ | मनहरी-९ | पेटरोग | १०००० |
| ९ | भरत राई | मनहरी-३ | करेन्ट लागेको | १०००० |
| १० | अर्जुन पुडासैनी | मनहरी-३ | क्यान्सर | १०००० |

एकराज उप्रेती
अध्यक्ष